मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

बागमती प्रदेशमा मुख्यमन्त्री बन्दै लामा



समाचार पृष्ठ ४ मा

वर्ष २ | अंक २४३ | २०८१ साल श्रावण ०७ गते सोमबार | Monday 22, July 2024 | सूर्योदयः बिहान ५:२४ बजे | सूर्यास्तः साँझ ६:५९ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# प्रधानमन्त्री ओलीलाई दुई तिहाइ मत



**मधेशदृष्टि**
**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्ताव बहुमतले पारित भएको छ ।
प्रधानमन्त्री ओलीद्वारा नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वास प्राप्त गर्न प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १५५ बमोजिम राखेको प्रस्तावलाई बहुमतले पारित गरेको हो । बैठकमा भएको मतदान परिणाम घोषणा गर्दै सभामुख देवराज घिमिरेले सभामा तत्काल कायम रहेको संख्याको बहुमतले प्रस्ताव स्वीकृत भएको जानकारी दिए ।
मतदानमा कुल दुई सय ६३ सदस्यले भाग लिएकामा प्रधानमन्त्रीले राखेको विश्वासको मतको प्रस्तावका पक्षमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमालेलगायतका राजनीतिक दलसम्बद्ध सांसदको एक सय ८८ मत परेको थियो भने विपक्षमा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीपार्टीलगायतका दलका ७४ मत परेको छ ।
प्रधानमन्त्रीले प्राप्त गरेको संसदमा रहेका कूल सदस्यको दुई तिहाइ हो । मतदानमा एक सदस्य तटस्थ रहेका थिए । असार २८ गते एमालेका अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त भएका थिए । असार १७ गते कांग्रेस र एमालेबीच सात बुँदे सहमति भएको थियो ।

## संविधान संशोधन आवश्यक

यस्तै, प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनीय दस्तावेज रहेको र जनताको आवश्यकतालाई मध्यनजर गर्दै परिमार्जन गर्न सकिने बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा उनले विश्वासको मत प्राप्त गर्न राख्न गरेको प्रस्तावको छलफलक्रममा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले आवश्यकता र औचित्य पुष्टि हुनेगरी सकभर सर्वसम्मतिबाट संविधान संशोधन हुने बताए ।
'संविधान संशोधनीय, गतिशील र जीवन्त दस्तावेज हो । यो आवश्यकता र जनताको मागअनुसार संशोधन हुन्छ । संशोधन रहरको विषय होइन । आवश्यकताको विषय हो,' प्रधानमन्त्री ओलीले भने, 'कुनै आग्रह पूर्वाग्रह राखेर संविधान संशोधन यस्तो–उस्तो गर्ने भन्दैनौँ । देशको आवश्यकता, विकासका माग सम्बोधनका लागि जे गर्दा उपयुक्त त्यही गर्नुपर्छ ।'
संसदमा रहेका सबै दलको सहमतिको साथ नै संविधान संशोधन हुने अपेक्षा प्रधानमन्त्री ओलीले व्यक्त गरे । 'संविधान निर्माणका बखत पनि सर्वसम्मत भएको थिएन । पहिलो संशोधनका बेला पनि सर्वसम्मति थिएन । जो जसका जे जस्ता विचारधारा भएपनि हामी एक ठाउँमा आउन सक्छौँ । यदि आउन सकिएन भने संविधानले आफ्नो प्रक्रिया आफ्नो निर्धारण गरेको छ,' उनले भने । देश र जनताको हितको पक्षमा तथा अग्रगमनको पक्षमा रहनेगरी संविधान संशोधन प्रक्रिया अघि बढ्ने उनको भनाइ छ ।

## मधेशी दलहरुको समर्थन

सङ्घीय संसद्का तीन साना दल जनमत पार्टी, जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले मुलुकका विद्यमान समस्या समाधान गर्ने र राजनीतिक स्थिरता कायम गर्ने सर्तमा नयाँ सरकारलाई समर्थन गरेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावको छलफलमा भाग लिँदै दलका नेताहरूले उल्लेखित शर्तका आधारमा प्रधानमन्त्री ओलीको पक्षमा मतदान गर्ने निर्णय गरिएको जानकारी दिए ।
जनमत पार्टीका सांसद अब्दुल खानले धेरै नागरिकले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्लगायत आधारभूत आवश्यकताबाट वञ्चित हुनुपरेको उल्लेख गर्दै यी समस्या समाधानतर्फ सरकारकेन्द्रित हुनुपर्ने बताए । त्यस्तै युवा विदेशिनेक्रम अझै नरोकिएकोले स्वदेशमै रोजगारी सिर्जनालाई सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्ने उनले आवश्यकता औँल्याए । अहिलेको मन्त्रिपरिषद्मा दलित र मुस्लिम समुदायको प्रतिनिधित्व हुन नसकेकामा खानले दुःख व्यक्त गरे । 'अहिले हाम्रा अगाडि धेरै चुनौती छन्, ती चुनौतीलाई यो सरकारले पार गर्नेछ भन्ने अपेक्षाका साथ विश्वासको मतको पक्षमा मतदान गर्नेछौँ,' खानले भने ।
त्यस्तै, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमाले मिलेर सरकार बनेको र राजनीतिक दललाई सुध्रिनका लागि यो अन्तिम अवसर रहेको धारणा राखे । दुई ठूला दलको सरकार असफल भएमा र यो सहकार्य लामो समय जान नसकेमा त्यसपछिको अवस्था पीडादायी र दुःखद् हुने उनको भनाइ थियो । अहिलेको सरकारले अपराधलाई राजनीतिक संरक्षण नहुने र राष्ट्रिय हितलाई हेरेर अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्ने बताए ।
लोसपा नेपालका सांसद रामप्रकाश चौधरीले पनि अहिलेको समस्या समाधानका लागि पहल गर्ने विश्वाससहित आफ्नो दलले सरकारलाई समर्थन गरेको बताए । वर्षायाममा बाढी, पहिरो, डुबान, चट्याङलगायत प्राकृतिक विपद् जोखिम न्यूनीकरण, राहत तथा उद्धारका कामलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ ।

## सातबुँदे सहमति



१. आमजनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने ।
२. राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात अभ्यासमा रहेका अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वको लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने ।
३. अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने ।
४. राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मङ्सिरमा हुने आमनिर्वाचनसम्म नेपाली कांग्रेसका सभापति माननीय शेरबहादुर देउवाले सकारको नेतृत्व गर्ने ।
५. राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने ।
६. राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताको आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने ।
७. राष्ट्रिय सहमति सरकार सहमतिको सरकारको मर्म र भावनाअनुरूप प्रदेश सरकार गठन र सञ्चालन गर्ने र जनभावनानुरूप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने ।

# अस्पतालमा ताला लाग्दा चौरबाट उपचार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जानकी आँखा अस्पतालमा पदाधिकारी र चिकित्सक–कर्मचारी नै विभाजित भएपछि अस्पताल सञ्चालन समितिको बखेडाले नयाँ मोड लिएको छ । आइतबार एउटा समूह अस्पतालमा तालाबन्दीमा जाँदा अर्को समूहले खुलाचौरमै बिरामीको उपचार गरेका छन् । तर, अस्पतालका आधिकारिक चिकित्सक र कर्मचारीले ताला लगाएर बिरामीलाई उपचार सेवा लिन वञ्चित गरेका छन् ।
आन्तरिक विवादमा फसेको आँखा अस्पताल बन्द भए पनि जानकारी अभावमा टाढाबाट आएका बिरामीलाई खुलाचौरमा उपचार गरिएको हो । जानकी आँखा अस्पतालमा कार्यरत आन्दोलनरत डा. अमित यादवले अस्पताल बन्द हुँदा खुलामैदानमै उपचार गर्नु परेको बताए । डा. यादवले सहयोगीको साथ लिएर अस्पताल परिसरमै तीन सय ५० भन्दा बढी बिरामीको आँखा उपचार गरे ।
अस्पताल सञ्चालन समितिले आर्थिक लाभको मोहमा केही चिकित्सक तथा कर्मचारीलाई कानून विपरीत हटाउन खोजेपछि अस्पतालमा विवाद चर्केको छ । समस्या समाधानको पहल गर्नुको साटो सञ्चालन समितिका अध्यक्ष नै गैरजिम्मेवार बनेपछि विवाद अरू जटिल बनेको छ । अस्पताल सञ्चालन समितिका अध्यक्ष नरेश प्रसाद सिंहले दुई हप्ताअघि नै राजीनामा गरिसकेको बताउँदै आएका छन् । अस्पतालमा धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र सिरहाको पूर्वी भागमा बस्ने जनतासँगै भारत बिहारका विभिन्न क्षेत्रमा बसोबास गर्ने नागरिकसमेत उपचारका लागि आउने गरेका छन् ।

# नेपाल–भारत सम्बन्धबारे पत्रकारहरुको गोष्ठी




**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल युनियन जर्नालिस्टस (आइ), बिहारको रक्सौल अनुमण्डल इकाईको तत्वावधानमा 'भारत–नेपाल रिश्तेः अतीत र वर्तमान' विषयक गोष्ठी भएको छ । गोष्ठीमा प्रमुख अतिथिका रूपमा भारतीय जनता पार्टी (भाजपा) बिहारका पूर्वअध्यक्ष तथा सांसद संजय जायसवाल, विशिष्ट अतिथिमा लोसपा मधशस प्रदेश अध्यक्ष तथा प्रदेश सभा सदस्य जितेन्द्र सोनल, वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक वैद्य, पूर्वमन्त्री रामचन्द्र कुशवाह, राष्ट्रिय जनता दल (आरजेडी) का नेता सुरेश यादव, पत्रकार चन्द्रकिशोर झा, महिला नेतृ करिमा बेगमलगायत राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख एवम् प्रतिनिधिसँगै भारतीय पत्रकारको उपस्थिति थियो ।
गोष्ठीमा दुई देशबीचको ऐतिहासिक सम्बन्ध, समसामयिक मुद्दा र भविष्यका सम्भावनामा चर्चा गरिएको थियो । भारत–नेपालबीचको सद्भाव र आपसी सहयोगलाई अझ सुदृढ बनाउनुपर्नेमा वक्ताहरूले जोड दिएका थिए । कार्यक्रममा विभिन्न राजनीतिक, सामाजिक र आर्थिक पक्षबारे विचार–विमर्श गरिएको थियो । वक्ताहरुले दुई देशबीचको सम्बन्ध अझ सुदृढ बनाउन सुझाव र योजना प्रस्तुत गरेका थिए ।

# मुख्यमन्त्रीद्वारा मन्त्रालयहरुमा अनुगमन, कर्मचारी अनुपस्थित



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका विभिन्न मन्त्रालयको अवस्था लथालिंग पाइएको छ । एउटा हाताभित्र कोचिएर मन्त्रालयहरू सञ्चालन भइरहेका छन् भने मन्त्रालयहरूमा कर्मचारी समयमा नआउने जस्ता समस्याले सेवाग्राहीलाई समस्या भइरहेको पाइएको छ । कर्मचारी नियमित नबसेको गुनासो आउन थालेपछि मुख्यमन्त्री सतिश कुमार सिंहले आइतबार आफैँ मन्त्रालयहरू निरीक्षण गरेका छन् ।
सिंहले आइतबार मुख्यमन्त्रीको कार्यालयसहित ११ वटा मन्त्रालयमा छड्के निरीक्षण गरेका हुन् । प्रदेश सरकारको कार्यालयमा कर्मचारीको लापरबाही बढेको गुनासो आएपछि मुख्यमन्त्री सिंहले आइतबार बिहान कार्यालय समयमा मुख्यमन्त्रीको कार्यालयसहित ११ वटा मन्त्रालय अनुगमन गरे ।
निरीक्षण तथा अनुगमनक्रममा मुख्यमन्त्री सिंहले अधिकांश कर्मचारीले धेरै नै लापरबाही गरेको पाइएको बताए । उनले कर्मचारीमा खासगरी कार्यालयमा हाजिर नगर्ने, बिदा जाँदा स्वीकृति नलिने जस्ता आचरण रहेको पाइएको बताउ । प्रदेश सरकारकै कर्मचारीमा त्रुटि भेटिएपछि मुख्यमन्त्रीको कार्यालयले सबै मन्त्रालयका कर्मचारीलाई पत्र लेखेर जवाफ मागेका छन् ।
पत्रमा मुख्यमन्त्री सिंहले हरेक मन्त्रालयमा देखिएको समस्या लेख्दै त्यसको कारणबारे जवाफ मागेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जानकारी दिएको छ । मुख्यमन्त्री कार्यालयका अनुसार आइतबार पहिलो दिन अनुगमन गर्दा कर्मचारीको लापरबाही पाइएको र त्यसपछि देखिएको कमजोरी तत्काल सुधार गर्न सबै कर्मचारीलाई निर्देशन दिइएको छ ।
कार्यालय समय शुरू भएलगत्तै मुख्यमन्त्री सिंहले ११ वटै मन्त्रालय निरीक्षण गरेका हुन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित, अर्थ, गृह, भौतिक, सिँचाइ, श्रम, स्वास्थ्य, उद्योग, वन, खेलकुद र शिक्षा मन्त्रालयमा मुख्यमन्त्री सिंहले निरीक्षण गरेका हुन् ।

*प्रजातन्त्र जनताको जनताको लागि जनताद्वारा गरिने शासन पद्दती हो । – अब्राहम लिंकन*

# हराउँदै गएको विद्वत् पूजा परम्परा



राजकुमार दिक्पाल

> *समाजका घटना र अनुभवहरुको अध्ययन र विश्लेषणबाटै सामाजिक दर्शन र सिद्धान्तहरुको प्रतिपादन हुन्छ । यसका लागि विशेष धैर्यता, बुद्धि र मेहनत आवश्यक हुन्छ । साधनाबिना यस्ता कठिन काम सम्पन्न हुन सक्दैन । मानिसले एउटै दर्शन वा सिद्धान्त प्रतिपादन गर्न पनि सम्पूर्ण जीवन समर्पण गरेको उदाहरण प्रशस्तै पाउँछौँ ।*

इतिहासको खोज र लेखनमा आजीवन आफूलाई समर्पित गरेका साधक ज्ञानमणि नेपालले ९२ वर्षको उमेरमा भौतिक देह त्याग गरेको धेरै समय भएको छैन। उनको साधनाबाट तीन दर्जनभन्दा बढी इतिहासका महत्वपूर्ण ग्रन्थहरु नेपाली समाजले प्राप्त गर्नु सामान्य उपलब्धि होइन। नेपाल देशको नाम कसरी नेपाल रहन पुग्यो भन्ने विषयको जिज्ञासा मेट्न उनले लेखेको "नेपाल निरुक्त" र "नेपालनिरुपण" पढे पुग्छ।

इतिहासमा लामो कालखण्ड नेपाली राजनीतिको केन्द्रको रुपमा रहेको राजदरबारभित्र हुने गरेका षडयन्त्र, काटमार र खतरनाक खेलचुक्लीले देश कहाँ पुग्यो भन्नेबारे जिज्ञासा मेट्न उनको "नेपालको महाभारत" पढे पुग्छ । यस्ता महत्त्वपूर्ण इतिहासका ग्रन्थहरु देशका लागि समर्पण गरेर भौतिक रुपमा यो संसारसँग विदा माग्ने बेलामा पनि उनको सक्रिय चेतनाले नेपालको इतिहाससम्बन्धी चिन्ता ब्यक्त गरिरहेको उनीसँग भेट गर्न जानेहरुको अनुभव पढ्दा र सुन्दा थाहा हुन्छ । तर एउटा दुःखको कुरा के भने यतिका वर्ष इतिहासकार ज्ञानमणि नेपालले देशको इतिहास अन्वेषण र लेखनमा आफूलाई समर्पण गरे तापनि उनलाई राष्ट्रिय स्तरका पुरस्कार र सम्मान मिलेको खबर सुन्ने, हेर्ने र पढ्ने अवसर पाइएन। उनको छाँतीमा तक्मा सजिएको पनि देख्न पाइएन । यस अर्थमा ज्ञानमणि नेपालले देशका लागि जे जति दिए, बरु जीवनमा केही नलिई गए। सायद गीताको निष्फल कर्मप्रति उनलाई विश्वास थियो, त्यसैले यसबारे उनले कतै कहीँ गुनासो गरी लेखेको वा अन्तर्वार्ता दिएको पढ्न, हेर्न र सुन्न पाइएको छैन।

ज्ञानमणि नेपालजस्ता सच्चा साधकले पुरस्कार वा सम्मान मागेर हिड्न पनि सुहाउने कुरा पनि भएन। यो त पुरस्कार तथा सम्मानका संस्थापक र ब्यवस्थापकहरु स्वयम्ले मूल्याङ्कन गर्ने पक्ष हो । तर इतिहासकार नेपालको जीवनभर उनको पक्षमा यस्तो मूल्याङ्न भएको देखिएन। अर्का इतिहासकार दिनेशराज पन्तका शब्दमा इतिहासकार नेपाल मुर्खमण्डलीको घेराबन्दीमा परे। मुर्खमण्डलीले इतिहासकार नेपालको योगदानको बारेमा सोधीखोजी गर्न आवश्यक नै ठानेन ।

**हराउँदैछ विद्वत पूजा परम्परा**

राजा जनक यस्ता राजा थिए, जसको दरबारमा विद्वानहरुको नियमित जमघट हुन्थ्यो, शास्त्रार्थ चल्थ्यो । शास्त्रमा ठूलो विश्वास थियो, राजा जनकमा । राजा जनककै समयमा एउटा अत्यन्तै तीक्ष्ण दिमागका किशोर थिए। उनको शरिर आठ ठाउँमा बाङ्गिएकाले उनको नाम नै अष्टाबक्र थियो । शरिर अनाकर्षक र कुरुप भए पनि अष्टाबक्र साधनाले खारिएको दार्शनिक र शास्त्रज्ञानी थिए।

एक दिन राजा जनक घुम्न निस्किएका थिए । उनले बाटामा ऋषि भेषधारण गरेका एक ब्यक्तिलाई देखे । उनी तत्कालै घोडाबाट ओर्ले, र ऋषिलाई प्रणाम गरे । तर ऋषिको अत्यन्तै अनौठो र अनाकर्षक शरिर देखेर राजा जनक तीनछक्क परे । अष्टाबक्रले थाहा पाइहाले कि, राजा जनकले आफ्नो शरिर देखेर आफूप्रति घृणाको धारणा बनाइरहेछन् । त्यसपछि उनले राजा जनकलाई भने, "हे, राजन् ! कुनै पनि मन्दिर टेढो भएर त्यो माथिको आकास टेढो हुँदैन। कुनै पनि मन्दिर गोलो वा लाम्चो हुँदैमा आकास पनि गोलो वा लाम्चो हुने होइन । किनकी आकासको मन्दिरसँग कुनै सम्बन्ध हुँदैन । आकास मन्दिरजस्तो आकारयुक्त हुँदैन, निराकार हुन्छ । त्यस्तै आत्मा पनि निराकार हुन्छ । आत्मा आकासजस्तै निराकार भएकैले नित्य हुन्छ, तर शरिर अनित्य हुन्छ । शरिरको बाङ्गोटिङ्गो आकार आत्मामा आउन सक्दैन । त्यसैले हे, राजन् ! ज्ञानीहरुसँग आत्मदृष्टि रहन्छ भने अज्ञानीसँग केवल चर्मदृष्टि रहन्छ । चर्मदृष्टि त्यागेर आत्मदृष्टि ग्रहण गरी जब हेरिन्छ, तब चित्तबाट घृणा दूर भएर जान्छ । चर्मदृष्टिबाट त अज्ञानीले मात्रै हेर्छ, ज्ञानीहरुले चाहिँ आत्मदृष्टिबाट हेर्छ।"

अष्टाबक्रको यस्तो विद्वत वाणीले राजा जनक तत्काल पग्लिहाले । उनले अष्टाबक्रलाई आफ्नो दरबारमा आउन निम्तो दिए । आफ्नो दरबारमा सम्मानजनक आसनमा बसाई राजा जनकले अष्टाबक्रसँग अनेकौँ जिज्ञासाहरु राखे । उनै राजा जनकको प्रश्न र अष्टाबक्राको उत्तरले कालान्तरमा "अष्टाबक्र गीता"को जन्म भयो । यसलाई पूर्वीय दर्शनमा महत्त्वपूर्ण ग्रन्थ मानिन्छ । उनै अष्टाबक्रजस्ता विद्वत प्रतिभाहरुको कदर गर्ने भएकाले राजा जनकको नाम आज पनि श्रद्धाका साथ लिइन्छ।

हाम्रो देशमा विद्वानहरुसँग नजिक हुने, उनीहरुसँग जिज्ञासा राख्ने र उनीहरुबाट ज्ञान र दर्शनहरु सङ्ग्रह गर्ने परम्परा क्रमशः हराउँदै जान थालेको छ । त्यसमाथि पनि ज्ञानमणि नेपालजस्ता विद्वत इतिहासकारहरुले बडो मेहनत गरेर तयार पारिदिएका ग्रन्थहरु पढ्ने, त्यसको विश्लेषण गर्ने र पाठ सिक्ने परम्परा अब एकादेशको कथाजस्तै हुन पुगेको छ । यस्तो परम्परा कायम रहे देशमा मुर्ख वा तजबिजी पुस्ताको मात्रै जन्म हुनेछ । विद्वत् पूजा परम्परा हराउँदै जाँदा बौद्धिक जगत पाखा पर्दै जानेछन् । देश र समाजलाई मार्गदर्शन गर्ने पक्ष पाखा पर्दै जाने क्रम जारी रहे देश कहाँ पुग्ला ?

**विद्वत् पूजाको दूर्लभ अभियान**

एक जना अभियन्ता छन्, जो लामो समयदेखि विद्वत पूजा अभियानमा एक्लै जस्ता छन् । उनी हुन्, शेषराज शिवाकोटी । लामो समय न्यायसेवामा समर्पित उनी हाल सेवानिवृत्त छन् । उनी विद्वत पूजालाई नै आफ्नो धर्म र कर्म ठान्दै स्वयम्सेवा गरिरहेछन्, लामो समयदेखि । शिवाकोटी बेलाबेलामा विद्वत ब्यक्तित्वहरुको सम्मान गर्छन् र उनीहरुलाई केवल ताम्रपत्र र दोसल्लाले सम्मान गरेर औपचारिकता मात्र निर्वाह गर्दैनन्, सम्मानीत प्रतिभाको अभिनन्दन ग्रन्थ नै प्रकाशित गर्छन् । एकै व्यक्तिको अभिनन्दन ग्रन्थको सङ्ख्या धेरै पनि हुनसक्छ।

उदाहरणका लागि, एकै जना विद्वान नयराज पन्तको विषयमा उनले ३० अङ्क अभिनन्दन ग्रन्थ प्रकाशित गरेका छन् । जीवित हुँदा १० र निधनपछि २० अङ्क अभिनन्दन ग्रन्थ प्रकाशित भए । यस्तै रोचक घिमिरेबारे १० र धनबज्र बज्राचार्यबारे नौ अङ्कसम्म अभिनन्दन ग्रन्थ प्रकाशित गरेर विद्वत पूजा परम्परालाई धानेका उनले प्रकाश दर्नालसम्म आइपुग्दा अभिनन्दन ग्रन्थ प्रकाशन हुने "ज्ञानगुन"ले दुई सय २४ अङ्क पार गरिसकेको छ।

नारायणगोपाल र पारिजातको निधनपछि यस्ता स्मृति र अभिनन्दन ग्रन्थ प्रकाशनमा ल्याउने चलन चलाएका उनले जीवित ब्यक्तित्त्वहरुको पनि अभिनन्दन ग्रन्थ प्रकाशित गर्न पर्छ भन्ने मान्यताका साथ प्रशिद्ध हास्यब्यङ्ग्यकार बासुदेव लुइँटेलबाट यस्तो चलन सुरु गरे। हालै भौतिक रुपमा यो संसारबाट टाढा हुन पुगेका इतिहासकार ज्ञानमणि नेपालका बारेमा पनि तीनवटा अभिनन्दन ग्रन्थ शिवाकोटीले प्रकाशनमा ल्याए । शिवाकोटीले २०७९ माघ २७ गते श्रीपञ्चमीमा "ज्ञानगुन"को दुई सय ११ औं अङ्कलाई इतिहासकार नेपालको औँ शुभजन्मोत्सव अङ्कका रुपमा प्रकाशित गरेर नेपालको ९१ औँ जन्म दिनलाई भब्यता प्रदान गरेका थिए।

यसरी विद्वानहरुको पूजा परम्परा कायम राख्दा शिवाकोटीले ब्यहोर्नु परेको अवस्थाको बान्की पनि अचम्मको छ । कुनै बेला नयराज पन्तको स्मृतिमा कार्यक्रम आयोजना गर्दा एउटा सानो कोठामा आफूसहित सात जना मात्रै भेला हुनु परेको पनि शिवाकोटीका लागि बिर्सिनसक्नुको घटना हुन पुगेको छ । हुन त असल मानिसहरुको सानो जमात् मुर्खमण्डलीको ठूलो भीडभन्दा कैयौँ गुणा उत्तम हुन्छ। मुर्खको उपदेशभन्दा विद्वानको गाली महिमायोग्य र उपयोगी हुन्छ । सिद्धार्थ गौतम जब ज्ञान प्राप्त गरेपछि बुद्ध बने, त्यसबेला उनको उपदेश सुन्ने केवल चार जना मात्रै थिए । तिनै चार जना बुद्धको सन्देश बोकेर चारैतिर फैलदा बुद्धका अनुयायीहरु प्रशस्तै जन्मिए । विद्वत् पूजा परम्परा धानिरहेका शिवाकोटीजस्ता दुर्लभ अभियन्ताहरुलाई पनि राज्य र समाजले चिन्न आवश्यक छ।

**केका लागि विद्वत् पूजा ?**

समाजका घटनालाई सुक्ष्मतम दृष्टिकोणले अध्ययन गर्ने र अनुभवहरुलाई समेत निफनेर घटनाका कारणहरु पत्ता लगाउने काम समाज विज्ञानका विद्वानहरुले गर्ने गर्छन् । समाजका घटना र अनुभवहरुको अध्ययन र विश्लेषणबाटै सामाजिक दर्शन र सिद्धान्तहरुको प्रतिपादन हुन्छ । यसका लागि विशेष धैर्यता, बुद्धि र मेहनत आवश्यक हुन्छ । साधनाबिना यस्ता कठिन काम सम्पन्न हुन सक्दैन । मानिसले एउटै दर्शन वा सिद्धान्त प्रतिपादन गर्न पनि सम्पूर्ण जीवन समर्पण गरेको उदाहरण प्रशस्तै पाउँछौँ।

विद्वत् वर्गबाट प्रतिपादित दर्शन वा सिद्धान्तले समाज र राज्यलाई उचित दृष्टि दिन्छ । यसले शान्ति, प्रगति, उन्नति र भातृत्वको विकासमा सयोग पु¥याउँछ । त्यसैले विद्वत् वर्गबाट राज्य र समाज ऋणी हुन्छ। त्यहीँ ऋण चुक्ता गर्न पनि विद्वत पूजा परम्पराको आवश्यकता हुन्छ । जुन देशमा विद्वत पूजा हुन्छ, त्यो देश जहिल्यै प्रगतिपथमा लम्केको हुन्छ । इतिहासकार ज्ञानमणि नेपालले आफ्नो बुद्धि र साधनाले देश र समाजलाई ऋण बोकाएर गएका छन् । रासस

## सम्पादकीय

# गुरूहरूप्रति श्रद्धाः मनाइयो गुरू पूर्णिमा

*मानवलाई सत्कर्मको बाटोमा हिँडाउन प्रेरणा दिने गुरूहरूप्रति श्रद्धा भाव व्यक्त गर्नै गुरूपूर्णिमा मनाइएको छ । गुरूलाई हाम्रो समाजमा भगवानको दर्ता प्राप्त छ । गुरूले मानवलाई सही बाटोमा डोर्याउने गरेका छन् । गुरूपूर्णिमा पर्वले विद्यार्थी र शिक्षकबीचको पवित्र सम्बन्धलाई सम्मान गर्दछ । अर्कोतर्फ मानवलाई अन्धकारबाट उज्यालोतर्फ लैजाने कार्यमा पनि गुरूको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले गुरू सबैका लागि आदरणीय र पुजनीय हुन्छन् । वैदिक धर्मग्रन्थ महाभारतका रचयिता वेदव्यासको जन्मजयन्तीका अवसरमा वैदिककालदेखि नै मनाउने गरिएको व्यास जयन्तीलाई गुरूपूर्णिमाका रूपमा लिने गरिएको छ । वेदव्यासले वेदान्त, अठार पुराण, उपनिषद्‌लगायतका धार्मिकग्रन्थ लेखेर हिन्दू संस्कृतिलाई ठूलो गुन लगाएको मानिन्छ । 'गु'को अर्थ अन्धकार र 'रू' भन्नाले प्रकाश बुझिन्छ । ज्ञानरूपी प्रकाशले अज्ञानरूपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरू भनिने जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णवले बताए । अन्धकारको नाश गरी जीवनमा उज्यालो फैलाउने व्यक्तित्वलाई नै गुरू भनिन्छ । यस्ता गुरूलाई हाम्रो शास्त्रले ब्रह्मा, विष्णु र महेश्वरका रूपमा समेत मानेको छ ।*

*यस दिन वैष्णव धर्ममा नयाँ गुरू बनाउने गरिएको छ । जनकपुरका मठमन्दिरहरूमा नयाँ गुरू बनाउनेहरूको भीड नै लागेको थियो । अर्कोतर्फ गुरूलाई हिन्दू धर्मशास्त्रमा भगवान भन्दा माथिसमेत मान्ने गरिएको छ । गुरूलाई ब्रम्हा भन्दा पनि माथि मानिएको छ । किनभने सांसारिक जीवन जिउने कला सिकाउने गुरू नै भएका कारण गुरूलाई भगवानसरह मानिएको हो । हाम्रो संस्कार, शिक्षा, समाज र सभ्यतामा गुरूको महिमा अत्यन्त सम्मानमय छ । आफूलाई शिक्षा प्रदान गर्ने गुरूको सम्मानमा शिष्यहरूले विभिन्न मिष्ठान्न भोजनका साथ श्रद्धाभाव प्रकट गर्ने परम्परा चलिआएको छ । गुरूलाई आमाबुबासरह मान्ने प्रचलन पनि छ ।*

*तर पछिल्लो समय गुरूप्रति सम्मानभाव घटिरहेको छ । प्राज्ञिक थलोहरूमा हुने गरेका अत्यधिक राजनीतिक हस्तक्षेपले गुरूप्रति हुनुपर्ने सम्मान भावमा कमी आएको छ । व्यक्तिगत गुण राम्रो बनाउनेदेखि व्यक्तिमा धैर्य र सहनशीलता, प्रेम र सहानुभूति, आत्मविश्वास, नैतिकता र चरित्रवान बनाउन गुरूको ठूलो योगदान रहने गरेको छ । त्यसैले पनि गुरूपूर्णिमाले गुरूप्रतिको आदरभावको सन्देश प्रवाह गर्ने गरेको छ । वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्ने वेदव्यासको सम्झनामा व्यासजयन्ती पनि मनाइन्छ । असार शुक्लपूर्णिमाकै दिन वेदव्यास जन्मिएकाले यसै दिन व्यासजयन्ती मनाउने गरिएको हो । व्यासले पुराण र उपपुराणका माध्यमबाट यस्तो सन्देश दिन खोजेका थिएः*

**'अष्टादश पुराणेषु व्यासस्य वचन द्वयम ।**
**परोपकार पुण्याय, पापाय परपीडनम्' ॥**

*अर्थात अरूको उपकार गरे धर्म हुन्छ एवम् अरूलाई पीडा दिए पाप लाग्छ भनी मानवतावादी सन्देश दिएका छन । पाँचौँ वेदसमेत भनिने महाभारत पनि व्यासले नै रचना गरेका हुन् । यसैले गुरूपूर्णिका दिन गुरू महिमा गाउने हाम्रा ओठहरुले अरु समय पनि गुरूप्रति श्रद्धा र सम्मान गर्न जरुरी छ । गुरूले सधैँ जिन्दगीलाई उज्यालोतर्फ लैजान प्रेरित गर्ने भएकाले बाबुआमापछि हाम्रो जीवनको अर्को अभिभावक गुरू नै हुन् ।*

प्रविधि

# मिसिललाई डिजिटल भण्डारण गर्दै नेपाल प्रहरी

**मधेशदृष्टि**
**वीरगंज ।**

सूचना प्रविधीको सदुपयोग गर्दै नेपाल प्रहरीले अपराध अनुसन्धानका मिसिललाई डिजिटल भण्डारण गर्न थालेको छ ।

प्रविधिको अधिकतम सदुपयोग गर्दै मिसिलको डिजिटल रेकर्ड राख्ने क्रम थालिएको केन्द्रीय प्रहरी प्रवक्ता दानबहादुर कार्कीले जानकारी दिए । उनले भने, 'अपराध अनुसन्धानका मिसिललाई इन्स्टिच्यूसनल मेमोरीमा राख्न कम्प्युटराइज्ड डेटाबेस तयार गर्ने उद्देश्य हो । यसका लागि केस फाइल डिजिटलाइजेसन (सीएफडी) सफ्टवेयर निर्माण गरिएको छ ।' उनका अनुसार यस सफ्टवेयरमाफृत मुद्दा चल्ने २२१ वटा प्रहरी युनिटमध्ये १९३ वटामा डिजिटलाइजेसन थालिसकिएको छ ।




हालसम्म १ लाख ९८ हजार ५४४ मिसिलहरु सफ्टवेयरमा अपलोड गरिसकिएको उनले जानकारी दिए ।

प्रहरीको वार्षिक कार्यसम्पादन विवरण प्रस्तुत गर्न आयोजित पत्रकार सम्मेलनमा डीआईजी कार्कीले प्रहरीले सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अभिलेख व्यवस्थापनका लागि प्रहरीमा डेटा सेन्टर समेत स्थापना गरिएको बताए । 'प्रहरीको त्रि–वर्षीय अपराध अनुसन्धान तथा नियन्त्रण कार्य योजना अनुरुप नेपाल प्रहरीले गर्ने अनुसन्धान तथा सम्पत्ति शुद्धिकरण विभाग र आतंकवादी क्रियाकलपामा वित्तीय लगानी निवारण सम्बन्धी अभिलेख एकैठाउँमा फेला पर्ने गरी व्यवस्थापन गर्न खोजेका हौं', प्रवक्ता कार्कीले भने । अपराध अनुसन्धानलाई प्रविधियुक्त बनाउँदै लैजाने नीति अनुरुप स्वचालित 'फिंगरप्रिन्ट आइडन्टिफिकेसन सिस्टम' लाई पनि प्रयोगमा ल्याइएको उनको भनाइ थियो ।

अन्तर्राष्ट्रिय

# बङ्गलादेशः आरक्षणसम्बन्धी आदेश 'गैरकानूनी' ठहर

**एएफपी**
**ढाका ।**

बङ्गलादेशको सर्वोच्च अदालतले यस बर्षको जून ५ मा गरिएको आरक्षणसम्बन्धी फैसलालाई 'गैरकानुनी' ठहर गरेको छ । एक महिना पहिले तल्लो अदालतले सन् २०१८ मा सरकारी नोकरीमा आरक्षण नदिनेगरी गरिएको सरकारको अधिसूचनालाई उल्टाउँदै आरक्षणको पक्षमा फैसला दिएको थियो ।

विवादास्पद निजामती सेवा भर्ती नियमहरू पूर्णरूपमा खारेज गर्न गरिएको सार्वजनिक मागलाई बेवास्ता गरेको विपक्षीहरूको आरोप छ ।

आरक्षण दिने निर्णयले देशव्यापी रूपमा प्रहरी र विश्वविद्यालयका विद्यार्थीहरूबीच झडप निम्त्याएको थियो । आन्दोलनका क्रममा १५१ जनाको मृत्यु भएको छ । सरकारी जागिरका लागि राजनीतिकरण गरिएको भर्ना कोटाको विरोधमा सुरु भएको विरोधमा यसै साता शुरू भएको प्रदर्शन प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिमा परिणत भएको छ ।

दङ्गा प्रहरीले सुव्यवस्था कायम गर्न नसकेपछि बङ्गलादेशका विभिन्न शहरमा सैनिकले गस्ती गरिरहेका छन् भने बिहीबारदेखि देशव्यापी इन्टरनेट अवरोध भएको र यसका कारण बाहिरी विश्वमा सूचना प्रवाहमा समस्या भएको छ ।

सर्वोच्च अदालतले हालै पुनः सुरु गरिएको सरकारी जागिरका आवेदकहरूको चयन लागि आरक्षित योजनाको वैधताको बारेमा अर्को महिना निर्णय गर्ने तालिका रहेको थियो, तर देशव्यापी सङ्घर्ष तीव्र भएपछि आफ्नो निर्णयलाई एक महिना पहिले सुनाएको छ ।

बङ्गलादेशका महान्यायाधिवक्ता एएम अमीन उद्दीनले एएफपीसँग भने, 'गत महिना तल्लो बेन्चले यो योजना पुनः लागू गर्न दिएको आदेश 'गैरकानुनी' थियो र सर्वोच्च अदालतबाट यही फैसला भएको छ ।'

यस मुद्दामा संलग्न वकिल शाह मोन्जुरुल हकले एएफपीलाई बताए अनुसार अदालतले आफ्नो फैसला सुनाएपछि प्रदर्शनकारी विद्यार्थीहरूलाई 'कक्षामा फर्कन' पनि भनेको छ । यो फैसलाले आरक्षित रोजगारीको संख्यालाई सबै पदहरूको ५६ प्रतिशतबाट घटाएर सात प्रतिशतमा झारेको छ, तर प्रदर्शनकारीहरूको माग पूरा गर्न असफल भएको छ ।

सन् १९७१ मा बङ्गलादेशले पाकिस्तानविरुद्ध गरेको स्वतन्त्रता सङ्ग्राममा 'स्वतन्त्रता सेनानीहरू' का छोराछोरीका लागि सबै सरकारी जागिरको पाँच प्रतिशत आरक्षण गरिएको थियो । बङ्गलादेशको कानुनअनुसार एक प्रतिशत आदिवासी समुदायका लागि र अर्को एक प्रतिशत अपाङ्गता भएका वा तेस्रो लिंगीका लागि छुट्याइएको थियो भने बाँकी ९३ प्रतिशत पदको निर्णय योग्यताका आधारमा गरिने अदालतले जनाएको छ ।

आलोचकहरू भन्छन्, ''स्वतन्त्रता सेनानी' श्रेणी युवा स्नातकहरूका लागि छुट्टाइएको आरक्षण व्यवस्था प्रधानमन्त्री हसिनाको सत्तारूढ अवामी लीगका वफादारहरूलाई भर्ना गर्न प्रयोग हुन थालेपछि आन्दोलन उर्लेको हो ।' विद्यार्थीहरूले महिला र देशका विशिष्ट जिल्लाहरूका लागि अन्य कोटासहित उक्त श्रेणीको पूर्ण उन्मूलनको माग गरेका थिए ।

# विपद्मा परी हालसम्म १३० जनाको मृत्यु

मधेशदृष्टि
वीरगंज ।
अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी आइतबार दिउँसोसम्म १ सय ३० जनाको मृत्यु भएको छ । बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा २ जना, कोशी प्रदेशमा २२ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा २४ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ७ जना र सुदुरपश्चिम प्रदेशमा ९ जना गरी जम्मा १ सय ३० जनाको मृत्यु भएको हो ।



साथै काठमाडौं उपत्यकामा ९ जना, कोशी प्रदेशमा ३४ जना, मधेश प्रदेशमा ९ जना, बागमती प्रदेशमा ७ जना, गण्डकी प्रदेशमा २९ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा ३३ जना र सुदुरपश्चिम प्रदेशमा १४ जना गरी जम्मा १ सय ४४ जना घाइते भएका छन् । घाइतेहरुलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । साथै कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना र सुदुरपश्चिम प्रदेशमा ५ जना गरी जम्मा ६६ जनाको उद्धार गरिएको छ । बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, मधेश प्रदेशमा १ जना, बागमती प्रदेशमा २ जना, गण्डकी प्रदेशमा १ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदुरपश्चिम प्रदेशमा १ जना गरी ९ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बाढीको कारण जम्मा १ सय ८२ घर डुबानमा परेका छन् । २ सय २१ वटा घर, ८४ वटा गोठ, ४३ वटा पुल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ५ सय ८९ वटा पशु चौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ३ हजार ९ सय ९८ घर परिवार विस्थापित भएका छन् । साथै बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राखे, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकाय र स्थानीयबासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्यसमेत भइरहेको प्रहरीले जनाएको छ ।

# वीरगंजमा मनाइयो विपी जयन्ती




मधेशदृष्टि
वीरगंज ।
मुलुकको प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वर प्रसाद(विपी) कोइरालाको ४२औं स्मृति दिवस वीरगंजमा विभिन्न कार्यक्रम गरि मनाइएको छ ।
४२ औं स्मृति दिवसको अवसरमा आइतबार नेपाली कांग्रेस वीरगंज महानगरपालिका वडा नम्बर २६ बुथ कार्य समितिले गोष्ठी तथा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा २ सय बिरुवा रोपिएको वीरगंज महानगरपालिका वडा–२६ का बुथ सभापति नेजामुदिन मियाँ अन्सारीले बताए ।
नेपाली कांग्रेस पर्साका उपसभापति राम नारायण कुर्मीको उपस्थितिमा सम्पन्न कार्यक्रममा अनुशासन समितिका संयोजक रमेश पाण्डे, नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति मोहम्मद सहाबुद्दीन, वडा अध्यक्ष शम्भु मिश्रा लगायतको सहभागिता रहेको थियो ।
यस्तै विश्वेश्वरप्रसाद कोइरालाको ४२औं स्मृति दिवसको अवसरमा वीरगंज महानगरपालिका वडा नम्बर ३१ श्री शारदा आधारभुत विधालयमा वृक्षारोपण गरिएको छ ।
नेपाली कांग्रेस वडा नम्बर ३१ का बुथ सभापति अनिरोध प्रसाद थारुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राम निवास यादव, पूर्व वडा अध्यक्ष सुमन चौधरी, हैदर अली, नवल किशोर यादव, केदार पटेल, गणेश साहलगायतको सहभागिता रहेको थियो ।

# मिथिलामा गुरु पूर्णिमा पर्व मनाइयो

महोत्तरी ।
आइतबार चन्द्रमास गणनाले असार (आषाढ) पूर्णिमा । हिन्दु परम्पराका अनुयायी मैथिल (मिथिलाका बासिन्दा) आइतबार गुरु पूर्णिमा पर्व मनाएका छन् । हाल मधेश प्रदेशको प्राचीन मिथिला क्षेत्रमा गुरुप्रति विशेष श्रद्धाभावले यो पर्व मनाइने गरेको छ । चन्द्रमासको असार पूर्णिमाका दिन गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा दिने गुरुजनप्रति सम्मान भाव प्रकट गरी गुरु पूर्णिमा पर्व मनाउँने हिन्दु परम्परा रहँदै आएको छ ।
महाज्ञानी अष्टावक्र, याज्ञवल्क्य, राजर्षि जनक तथा गार्गी एवं मैत्रेयीजस्ता विद्वान÷विदुषीको साधना, तप र ज्ञान प्रचारको थलो मानिने प्राचीन मिथिलामा यो पर्वको निकै महत्व देखिँदै आएको छ । प्राचीन शिक्षाको गुरुकुल परम्पराको अनुयायी मिथिलामा आज शिष्यहरु आफ्ना गुरुजनप्रति कृतज्ञता जनाउँदै गुरपूर्णिमा पर्व मनाउँदैछन् । पर्वमा गुरुप्रति कृतज्ञता व्यक्त गर्दै नयाँ वस्त्र आभूषण फेराउने र मिष्ठान्न भोजन गराउने मैथिल परम्परा छ । पर्व विशेषले मिथिला क्षेत्रमा आज बजारमा चहलपहल पनि ह्वात्तै बढाएको छ । गुरुका लागि वस्त्र, मिष्ठान्न परिकार र फलफूm ल किन्नेहरुको भीडले अन्य बेला दिउँसो जम्ने यहाँका बजार आएतबार बिहानै भरिभराउ देखिएका थिए । खासमा धार्मिक मठहरुमा त पर्वका अवसरमा प्रवचन र गुरुपूजासहितका कार्यक्रम नै आयोजन गरिएको देखिँदो छ ।
महोत्तरीको मटिहानीस्थित तीन सय पाँच वर्ष पुरानो संस्कृत पाठशाला, भगवान् लक्ष्मीनारायण र महामुनि याज्ञवल्क्यका नाउँमा सञ्चालित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) र मुलुककै मठहरुको नायक मानिने श्री लक्ष्मीनारायण मठमा बिहानदेखि छालछाला, शिष्य र साधुसन्त आफ्ना गुरुपूजनमा व्यस्त देखिँदा छन् । संस्कृत भाषामा 'गु' को अर्थ अन्धकार र 'रु' भन्नाले प्रकाश बुझिन्छ । ज्ञानरुपी प्रकाशले अज्ञानरुपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरु भनिने तन्त्रशास्त्र र धर्मशास्त्रमा उल्लेख गरिएको हुँदा पूर्वीय परम्परामा यस पर्वको महत्व निकै रहेको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका प्रधानाचार्य (प्रधानाध्यापक) ईश्वरी पौडेल बताउँछन् ।
अज्ञानता रुपी अन्धकारको नाश गरी जीवनमा ज्ञानको ज्योति दिने, फैलाउने व्यक्तिलाई नै 'गुरु' भनिन्छ । यस्ता गुरुलाई पूर्वीय दर्शन र शास्त्रहरुले ब्रह्मा, विष्णु र महेश्वरसहितका त्रीदेवका रुपमा मानेको मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद विमलको धारणा छ ।
"गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः । गुरुः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः ॥"
विभिन्न शास्त्रमा गुरुलाई लिदेव मानिएको यो प्रसङ्ग पनि डा विमलले स्मरण गरे । पूर्वीय दर्शन परम्पराका स्थापित धर्मग्रन्थ वेद, पुराण, उपनिषद्, रामायण र महाभारतसहित महाकाव्यका रचयिता महामुनि कृष्ण द्वैपायन (वेदव्यास) को जन्म दिन असार पूर्णिमा नै मानिएको हुँदा उनीप्रतिको सम्मानभावबाट नै हिन्दु परम्परामा यो पर्वको परम्परा बसेको डा विमल बताउँछन् ।
माता–पिताजस्तै गुरुलाई पनि देवता समान मानेर 'आचार्यदेवो भव' भनिने सनातन हिन्दु वैदिक परम्परा छ । पर्वले गुरुप्रति अहोभाव (कृतज्ञता) व्यक्त गर्न सिकाएको पाका मैथिल बताउँछन् । पर्वले श्रेष्ठजनको सम्मान गर्ने शिष्टता र नैतिक आचरण एवं कृतज्ञता भाव बढाउने हुँदा पर्वले सामाजिक, सांस्कृतिक र पारम्परिक दायित्व तथा यसको महत्व अझ उजेल्याउने (उज्यालो बनाउने) महोत्तरीकै जलेश्वर–६ बखरीका बासिन्दा पूर्वप्रशासक रहिसकेका भाषाविद् ८५ वर्षीय महेश्वर रायको भनाइ छ । रासस

# लागुऔषधसहित चार जना पक्राउ

मधेशदृष्टि
वीरगंज ।
प्रहरीले मधेशका विभिन्न जिल्लाहरुबाट लागुऔषधसहित चार जनालाई पक्राउ गरेको छ । प्रहरीले पर्सा, सर्लाही र सिरहाका विभिन्न स्थानबाट लागुऔषधसहित उनीहरुलाई पक्राउ गरेको जनाएको छ । पर्साको वीरगंज महानगरपालिका वडा नम्बर २५ सिर्सियाबाट लागुऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ २ पुरिया (तौल नखुलेको), नाईट्राभेट–१० लेखिएको १६ पिस ट्याब्लेट र गाँजा ११ ग्रामसहित एक जनालाई पक्राउ गरेको छ ।
पर्सा जिल्लाको वीरगंज महानगरपालिका वडा नम्बर १ बस्ने बर्ष १९ को रोहित साह तेलीलाई शनिबार राती पक्राउ गरेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय छप्कैयाबाट खटिएको प्रहरी टोलीले सिर्सिया स्थित भारतबाट छप्कैया तर्फ आउँदै गरेको अवस्थामा चेक जाँच गर्ने क्रममा उनलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिएको हो । उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।
त्यस्तै, पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ९ बिश्रामपुरबाट लागुऔषध गाँजा ५ किलोसहित सोही स्थान बस्ने बर्ष १६ को अमिरी साह गुप्तालाई पनि शनिबार राती प्रहरीले पक्राउ गरेको छ । अस्थाई प्रहरी पोष्ट बहुअर्वाभठाबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा नम्बर नखुलेको मोटरसाईकलमा सवार उनलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।
त्यसैगरी, सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नम्बर ७ स्थितबाट लगुऔषधसहित ईश्वरपुर नगरपालिका वडा नम्बर ९ रामनगर बस्ने वर्ष १९ को बिकी साहलाई शनिबार राती प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय केशरगंजबाट खटिएको प्रहरी गस्ती टोलिले चेकजाँच गर्ने क्रममा उनलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।
त्यसैगरी, सिरहाको मिर्चैया नगरपालिका वडा नम्बर ६ कटारी चोक स्थितबाट लागऔषध गाँजा ५०० ग्रामसहित जिल्ला सिरहा मिर्चैया नगरपालिका वडा नम्बर ५ बस्ने वर्ष २८ को भोला पंजियारलाई शनिबार साँझ पक्राउ गरेको छ ।
इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा निजलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका चार जनामाथि थप अनुसन्धान भइरहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# वीरगंज नाकाबाट २३ अर्ब ९५ करोडको खाद्यान्न आयात

मधेशदृष्टि
वीरगंज ।
मुलुकको प्रमुख भन्सार नाका वीरगंजको आईसिपी भन्सार हुदै आर्थिक वर्ष २०८०÷८१ मा २३ अर्ब ९५ करोड ६ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको धान, चामल, मकै लगायतका खाद्यान्न भित्रिएको छ । वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०÷८१ मा ८ अर्ब २८ करोड ५० लाख ७९ हजार रुपैयाँ मूल्य बराबरको धान भित्रिएको छ भने सो अवधिमा १ अर्ब ७१ करोड ७९ लाख ५३ हजार रुपैयाँ मूल्य बराबरको चामल भित्रिएको छ ।




त्यसैगरी आईसिपी भन्सार नाकाबाट सो अवधिमा ८ अर्ब ५४ करोड ४२ लाख ४७ हजार रुपैयाँ मूल्य बराबरको मकै भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठो लगायतका खाद्यान्न १ अर्ब ५९ करोड ७८ लाख ८४ हजार रुपैयाँ मूल्य बराबरको भित्रिएको छ भने गहुँ ४ अर्ब २० करोड ६३ लाख रुपैयाँ मूल्य बराबरको भित्रिएको छ ।
धान चामल, मकै र गहुँलगायतका खाद्य सामग्रीबाट वीरगंज भन्सारले १ अर्ब ३४ करोड ३७ लाख २४ हजार राजस्व असुली गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । गत वर्ष २०७९÷८० मा वीरगंज नाकाबाट सो अवधिमा २२ अर्ब ४० करोड २३ लाख १६ हजार रुपैयाँ मूल्य बराबरको धान, चामल, मकै, फापर कोदो तथा गहुँ लगायतका खाद्यान्न भित्रिएको र सो वापत १ अर्ब २६ करोड ६४ लाख २१ हजार रुपैयाँ राजस्व असुली भएको भन्सार प्रशासक पन्थीले बताए ।

# २० लाख बराबरको भन्सार छलीको सामान बरामद



मधेशदृष्टि
वीरगंज ।
सशस्त्र प्रहरी पर्साले २० लाखभन्दा बढीको भन्सार छलीको सामान बरामद गरिएको छ । आइतबार सशस्त्र प्रहरी बल नेपाल प्र.सी.सु. गुल्म वीरगंजबाट खटिएको टोली र वीरगंज भन्सार कार्यालय पर्साबाट खटिएको संयुक्त टोलीले विशेष सूचनाको आधारमा उक्त सामान बरामद गरिएको हो । पर्सा जिल्लाको वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगरस्थित रहेको माँ दुर्गा रोड क्यारियर्सको गोदाममा खोजतलास गर्दा भारतबाट अवैध रुपमा भन्सार छली ल्याई गोदाम गरि लुकाई छिपाई राखेको २० लाख दुई हजार पाँच सय रुपैयाँ बराबरको सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गरिएको सामानमा आलमण्ड, छोकडा, काजु, कपडा तथा मिटमसलाका रहेको र उक्त सामानहरु नियन्त्रणमा लिई आवश्यक कारवाहिको लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

# १० लाख रकमसहित दुई पक्राउ



मधेशदृष्टि
बारा ।
विश्रामपुर गाउँपालिका वडा नम्बर १ घोडासाहन नाकाबाट स्रोत नखुलेको नगद १० लाख २० हजार रुपैयाँसहित दुई जना पक्राउ परेका छन् । उनीहरुलाई दुबै जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा फेटा गाउँपालिका वडा नम्बर ६ पुरैनिया बस्ने ४१ वर्षीय सैदुल्ला मिया ठकुराई र २२ वर्षीय बागर अन्सारी रहेको प्रहरीले जनाएको छ ।
इलाका प्रहरी कार्यालय छतवाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको ना.३६ प ४५६३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त नगद सहित पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एक जना फरार प्रतिवादी समातिए

मधेशदृष्टि
सिरहा ।
जिल्ला प्रहरी कार्यालय सिरहाले कर्तव्य ज्यान मुद्दाका फरार एक जना प्रतिवादीलाई पक्राउ गरेको छ ।
सिरहा अर्नमा गाउँपालिका वडा नम्बर २ ब्रह्मपुरी टोल बस्ने वर्ष ५२ को बचाई महतोलाई शनिबार दिउँसो पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सिरहा जिल्लाको अर्नमा गाउँपालिका वडा नम्बर २ ब्रह्मपुरी टोलस्थित मैनाबती खोलाको धारको चौरीमा सोही स्थान बस्ने वर्ष ५२ को बुधराम महतोलाई बचाई महतोले धारिलो हतियार प्रहार गरी चाँटी काटि कर्तव्य गरी फरार रहेका थिए ।
जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलिले खोजतलास गर्दै जाने क्रममा जिल्ला सिरहा औरही गाउँपालिका वडा नम्बर २ दरहैया स्थित नेपाल–भारतको सिमाना नजिक लुकीछिपी बसिरहेको अवस्थामा उनलाई नियन्त्रणमा लिएको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बागमती प्रदेशमा मुख्यमन्त्री बन्दै लामा



**मधेशदृष्टि**
**हेटौँडा ।**
बागमती प्रदेशसभा, नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले आज सोमबार बिहान मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी गरेका छन् । प्रदेश प्रमुख यादवचन्द्र शर्माले नयाँ सरकार गठन गर्न आह्वान गरेसँगै नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समर्थनमा लामाले मुख्यमन्त्रीमा दाबी पेस गर्न लागेका हुन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलको आइतबार पदबाट दिएको राजीनामा स्वीकृत गरेका प्रदेश प्रमुख शर्माले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि दाबी पेस गर्न साउन ८ गते साँझ ५ बजेसम्मको समय तोकेका छन् ।

कांग्रेस संसदीय दलका नेता लामाले सोमबार नै दाबी पेश गर्ने तयारी भएको जानकारी दिए ।

'दुई दलबीच पहिला नै मुख्यमन्त्रीमा कांग्रेसले दाबी पेस गर्ने सहमति भइसकेको छ,' उनले भने, 'नयाँ मुख्यमन्त्री चयनको प्रक्रिया सुरु भइसकेकाले सोमबार बिहान बहुमत प्रदेशसभा सदस्यहरुको हस्ताक्षरसहित प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीको दाबी पेस गर्छु ।'

# मुलुकभर दैनिक १७ सडक दुर्घटना ७ जनाले गुमाउँछन् ज्यान



**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकभर दैनिक १७ वटा सडक दुर्घटना हुने गरेको छ । प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार सडक दुर्घटनामा एक दिनमा औसत ८८ जना घाइते हुन्छन् । सडक दुर्घटनामा दिनहुँ ७ जनाको मृत्यु हुने प्रहरी प्रवक्ता (डीआईजी) दानबहादुर कार्कीले जानकारी दिए । २०८० साउनयता ३५ हजार ४ सय ४ वटा सड्क दुर्घटना भएको छ । सो दुर्घटनामा परेर २ हजार ३६९ जनाको मृत्यु भएको छ । गएको आर्थिक वर्षमा दुर्घटनाबाट ६ हजार १६० जना गम्भीर घाइते भएका थिए । आइतबार प्रहरी प्रधान कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा डीआईजी कार्कीले भने–'दुर्घटनामा घाइते भएका परिवारले ठुलो धनराशि गुमाउनुपरेको र पीडा झेल्नुपरेको अवस्था छ ।' दुर्घटनाबाट १ सय १ वटा पशु चौपायाले ज्यान गुमाएका छन् । मोटरसाइकल सबैभन्दा धेरै दुर्घटनामा पर्ने गरेका छन् । गएको आर्थिक वर्षमा भएको दुर्घटना मध्येमा करिब ५७ प्रतिशत मोटरसाइकल दुर्घटना भएका छन् । गत साउनयता १९ हजार ९ सय ८४ वटा मोटरसाइकल दुर्घटना भएको डीआईजी कार्कीले बताए । सो अवधिमा २ हजार १९३ बस, ६ हजार ८३७ कार तथा जिप र १ हजार ४८६ ट्रक तथा ट्याङ्कर दुर्घटना भए । ४ सय ६६ वटा टिपर दुर्घटनामा भएको प्रहरी प्रधान कार्यालयको तथ्याङ्कबाट देखिएको छ । सो अवधिमा १५ सय २० वटा साइकल र रिक्सा दुर्घटना भए ।

## एक वर्षमा १७ सय प्रहरी कारबाहीमा

पछिल्लो एक वर्षमा नेपाल प्रहरीमा तीन प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सहित १ हजार ७०१ जना कारबाहीमा परेका छन् । प्रहरीको वार्षिक कार्यसम्पादनबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रस्तुत विवरणअनुसार आर्थिक वर्ष २०८०÷८१ मा एसएसपीदेखि प्रहरी जवानसम्म गरी १७ सय १ जना कारबाहीमा परेका हुन् । केन्द्रीय प्रहरी प्रवक्ता दानबहादुर कार्कीका अनुसार यो अवधिमा ७६४ जना प्रहरी जवान, ३३८ प्रहरी सहायक हवल्दार, २८२ प्रहरी हवल्दार, ६७ वरिष्ठ हवल्दार र ११८ प्रहरी सहायक निरीक्षक कारबाहीमा परेका छन् । कारबाहीमा पर्नेमा ४८ जना प्रहरी नायब निरीक्षक छन् भने १६ जना प्रहरी वरिष्ठ नायब निरीक्षक र २६ जना प्रहरी निरीक्षक छन् । ११ जना प्रहरी नायब उपरीक्षक (डीएसपी) कारबाहीमा परेका छन् भने कारबाहीमा पर्ने एसपी एक जना छन् ।

यही अवधिमा ३ प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी), १० डीआईजी, ३९ एसएसपी, ७९ एसपी, २२६ डीएसपी र ५८५ इन्स्पेक्टरसहित ८ हजार ८३४ जना पुरस्कृत भएका छन् ।

३९३ प्रहरी वरिष्ठ नायब निरीक्षक, ६२३ प्रहरी नायब निरीक्षक , १ हजार १८९ प्रहरी सहायक निरीक्षक, ५२२ प्रहरी वरिष्ठ हवल्दार, १ हजार १९४ प्रहरी हवल्दार, १ हजार ५७६ प्रहरी सहायक हवल्दार, २ हजार १३९ प्रहरी जवान र २५६ प्रहरी कार्यालय सहयोगी पुरस्कृत भएका छन् ।

# गुरु पूर्णिमाको अवसरमा वृक्षारोपण



**मधेशदृष्टि**
**वीरगंज ।**
गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा प्रदान गर्ने गुरुजनप्रति सम्मान भाव प्रकट गर्दै गुरुपूर्णिमा मनाइएको छ । वैदिक धर्मग्रन्थ महाभारतका रचयिता वेद व्यासको जन्मजयन्तीका अवसरमा असार शुक्ल पूर्णिमाको दिन वैदिककालदेखि गुरु पूर्णिमाको रुपमा मनाउने गरिन्छ ।

आफूलाई शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा शिष्यहरूले यस दिन विभिन्न मिष्ठान्न भोजनका साथ सम्मान गर्ने परम्परा रही आएको छ । गुरु पूर्णिमाका दिन विभिन्न विद्यालय एवम् संघसंस्थाले कार्यक्रम गरी शिक्षा, दीक्षा दिने गुरुप्रति श्रद्धाभाव प्रकट गर्ने गर्दछन् । यस्तै सोही दिन वेदव्यासको सम्झनामा व्यास जयन्ती पनि मनाइन्छ । आषाढ शुक्ल पूर्णिमाकै दिन वेद व्यास जन्मिएकाले यसै दिन व्यास जयन्ती मनाउने गरिएको हो ।

यता, गुरु पूर्णिमाको अवसरमा आइतबार वीरगंजको अशोवाटिका स्थित आर्यघाट परिसरमा वृक्षारोपण गरिएकोछ । आर्यघाट परिसरलाई हरियालीपार्क सहित मनोरम बनाउन वृक्षारोपण गरिएको हो । यसैगरी सोही अवसरमा वीरगंज महानगरपालिकाको वडा नम्बर २१ परवानीपुर स्थित आर्यघाट परिसरमा समेत वृक्षारोपण गरिएको ग्रिनसिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए । यसैगरी सोही अवसरमा वीरगंजका विभिन्न शैक्षिक संस्थाका विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम सहित आफूलाई पठन पाठन गराउने शिक्षकहरुलाई सम्मान गरेका छन् । गुरु पूर्णिमाको अवसरमा वीरगंज स्थित ज्ञानज्योति बोर्डिङ्ग स्कूलले सांस्कृतिक कार्यक्रम सहित गुरुहरुलाई सम्मान समेत गरेको स्कूलका प्रिन्सिपल रामकिशोर यादवले जानकारी दिए ।

# बंगलादेशमा आन्दोलनः स्वदेश फर्किदै नेपाली विद्यार्थी



**मधेशदृष्टि**
**वीरगंज ।**
बङ्गलादेशमा जारी रहेको विद्यार्थी आन्दोलनका कारण प्रभावित भएका नेपाली विद्यार्थी काठमाडौँ फर्किन थालेका छन् । यसैक्रममा आइतबार ५७ जना नेपाली विद्यार्थी काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन् । ती विद्याथीहरु बङ्गलादेशको सवार क्षेत्रको इनाम मेडिकल कलेजलगायत स्थानबाट स्वदेश फर्किएका परराष्ट्र मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले स्वदेश फर्कन चाहने विद्यार्थीको सहजीकरण गरिरहेको छ । मन्त्रालयले बङ्गलादेशको राजधानी ढाकास्थित नेपाली दूतावासका अधिकारीहरुलाई नेपाली विद्यार्थीको सुरक्षित वातावरण तथा नेपाल फर्कन चाहनेका लागि आवश्यक समन्वय गर्न निर्देशन दिएको छ । मन्त्रालयले शनिबार नै एक सूचना जारी गरी त्यहाँ रहेका विद्यार्थीको सहजताका लागि आवश्यक सम्पर्क व्यक्तिसहित हेल्प डेस्कको व्यवस्था गरिएको जनाएको थियो । मन्त्रालयले समस्यामा परेका विद्यार्थी तथा अभिभावक एवम् आफन्तका लागि आवश्यक जानकारी, सहयोग र सहजीकरणका लागि इमेल वा फोन नम्बरमा सम्पर्क गर्न एवम् अनलाइन फाराम भर्न अनुरोध गरेको छ ।

**३४० विद्यार्थी काँकडभिट्टा आइपुगे**

पूर्वीनाका काँकडभिट्टा हुँदै तीन दिनमा तीन सय ४० जना नेपाली विद्यार्थी बङ्गलादेशबाट फर्किएका छन् । बङ्गलादेशमा हिंस्रक आन्दोलन चर्किएपछि नेपाली विद्यार्थीहरु स्वदेश फर्किन थालेका हुन् । चिकित्सा शिक्षा अध्ययनका लागि हजारौँ नेपाली विद्यार्थी बङ्गलादेशमा रहँदै आएका छन् । केही समययता बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण धेरै भएको भन्दै चलेको विद्यार्थी आन्दोलनले उग्ररुप लिएको छ । त्यहाँ रहेका सम्पूर्ण शिक्षण संस्थाहरु बन्द गरिएका छन् ।

यता, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बंगलादेशमा अध्ययनरत नेपाली विद्यार्थीहरू सुरक्षित रहेको जनाएको छ । मन्त्रालयले विज्ञप्ति जारी गर्दै परराष्ट्र मन्त्रालयसँग निरन्तर सम्पर्कमा रही आवश्यक सूचना आदानप्रदान भइरहेको र नेपाली विद्यार्थीहरू सुरक्षित रहेको जानकारी पाएको जनाएको छ । शिक्षा मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले समन्वय आवश्यक परेमा सम्पर्क गर्न अनुरोध गरेका छन् । समन्वय आवश्यक परेमा बंगलादेशमा अध्ययनरत विद्यार्थी तथा अभिभावकले शाखा अधिकृत ईश्वरकुमार श्रेष्ठलाई ९८५११६०७८९ मा फोन वा ह्वाट्सएपमार्फत जुनसुकै समयमा सम्पर्क गर्न अनुरोध गरिएको छ ।






# बसको ठक्करबाट पैदल यात्रु घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–कलैया सडकखण्डमा आइतबार दिउँसो यात्रुबाहक बसको ठक्करबाट एक पैदल यात्रु गम्भीर घाइते भएका छन् । घाइते हुनेमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १५ डुमरवानाका ५० वर्षिय नारायण अधिकारी रहेका छन् । कलैयाबाट वीरगंज आउँदै गरेको ना ३ ख ८५१६ नम्बरको सिटी राइड बसले नौतनस्थित एलएस न्यूरो हस्पिटल अगाडि अस्पतालमा बिरामी भेट्न जाँदै गरेका बेला अधिकारीलाई ठक्कर दिएको हो । गम्भीर घाइते अधिकारीको एलएस न्यूरो हस्पिटलमै उपचार भइरहेको प्रहरीले जनाएको छ । ठक्कर दिने बसलाई ईलाका प्रहरी कार्यालय प्रसौनीले नियन्त्रणमा लिएको छ । फरार रहेका बसका चालकको पहिचान खुल्न नसकेको र उनको खोजी भइरहेको प्रहरी निरीक्षक सुरेशराज भट्टले जानकारी दिए ।

# पारिश्रमिक दिन निकालिएको १४ लाख रुपैयाँ लुटियो

**मधेशदृष्टि**
**वीरगंज ।**
विराटनगरमा श्रमिकलाई पारिश्रमिक दिन निकालिएको १४ लाख रुपैयाँ रहस्यमय ढंगबाट हराएपछि मोरङ प्रहरी खोजी कार्यमा जुटेको छ । जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार आइतबार दिउँसो करिब ३ बजे विराटनगर–३ स्थित पाथिभरा म्यानपावर सप्लायर्सबाट रकम हराएकोमा अनुसन्धान जारी रहेको छ । सप्लायर्सका म्यानेजर अमरेशकुमार कर्णले दिउँसो करिब डेढ बजे विराटनगरस्थित कञ्चनबारीस्थित एभरेष्ट बैंकबाट १४ लाख रुपैया निकालेको कुरा प्रहरीसमक्ष बताएको प्रवक्ता बस्नेतले जानकारी दिए । उद्योगमा श्रमिक मजदुर उपलब्ध गराउने काम गर्दै आएको पाथिभराका सञ्चालक विवेक कर्णले नातामा ज्वाई अमरेशबाट बैंकिङ कारोबार भएको र कार्यालय पुगेपछि घटना भएको प्रहरी समक्ष बताएका छन् । प्रहरीले बैकमा समेत बुझ्ने काम गरिरहेको उनले बताए । घटनालाई अलि फरक ढंगबाट अनुसन्धान गरिरहेको बताएका प्रहरी प्रवक्ता बस्नेतले ठूलो रकम हराउँदा प्रहरीलाई खबर गर्नुपर्ने अवस्थामा त्यो नदेखिएको बताए ।

अर्कोतर्फ सञ्चालक कर्णले मोटरसाइकलमा चढेर आएका दुई जनामध्ये एकले फोनमा बोलिरहेको र अर्कोले ब्याग लिएर फरार भएको बताए ।

# क्यान्सर अस्पतालकी लेखा अधिकृत घुससहित पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवनको भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालकी लेखा अधिकृत अमृता कोइराला घुससहित पक्राउ परेकी छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको टोलीले उनलाई १ लाख ५० हजार रुपैयाँ नगद र ४ लाख ५० हजार रुपैयाँको चेकसहित पक्राउ गरेको हो ।

भरतपुर महानगरपालिका–४ कटहर चोकको एक होटलबाट कोइरालालाई पक्राउ गरेको अख्तियारको हेटौंडा कार्यालयका सूचना अधिकारी गोविन्दप्रसाद गौतमले जानकारी दिए । औषधि आपूर्तिकर्तालाई रकम भुक्तानी दिएबापत कोइरालाले घुस मागेको र आइतबार आपूर्तिकर्ताबाट घुस रकम लिँदालिँदै उनलाई पक्राउ गरेको सूचना अधिकारी गौतमले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन